परिवर्तनको लागि

# क्राईम अपरेशन

CRIME OPERATION साप्ताहिक

पानीको सही सदुपयोग गरौं । पानी महसुल समयमै तिरी अनावश्यक जरिवानाबाट बचौं ।

नेपाल खानेपानी संस्थान शाखा कार्यालय देवकोटा चौक विराटनगर

❑ वर्ष ९ ❑ अंक ४१ २०७८ जेठ २ गते आईतवार Sunday 16, MAY 2021 ❑ पृष्ठ: ६, ❑ मूल्य रु. १०/-

## वर्षौंदेखि जीर्ण जुडी खोलाको एकुडक (पुल) मर्मत हुँदै, नहर सर-सफाईमा पनि तिब्रता

विराटनगर। सुनसरी मोरंग सिचाई आयोजना अन्तर्ग पर्ने महादेवकोल शाखामा पर्ने बर्षौंदेखि जिर्ण रहेको एकुडक (पुल) को मर्मत गर्न थालेको छ भने नहरलाई समेत सर-सफाई गर्न थालेका छन् ।



सुनसरी मोरंग सिचाई आयोजना अन्तर्गत पर्ने महादेवकोल शाखाको कटहरी गाउँपालिका वडा नं. मा पर्ने जुडी खोलामा सिचाईको लागि बनेको एकुडक (पुल) वर्षौं देखि जिर्ण भएर नहरको पानी लिक भएर खोलामा गएपछि नहरमा पानीको कमी भएर सिचाईमा समस्या भई रहेको थियो ।

जुडीखोलाको एकुडक पुल र नहर सरसफई नभएकै कारण जहदा गाउँ पालिकाको वडा नं. ४, ५, ६, ७ र धनपालथान गाउँपालिका वडा नं. १ र ६ का किसानहरुलाई सिचाईमा समस्या भई रहेको थियो ।

महादेवकोल शाखामा सिचाईका लागि ४०/४५ किलोमिटर नहर रहेकोको ७ किलोमिटर मात्र सफाई भएको छ वांकी नहरलाई सफाई गर्न पाएमा किसानलाई सचाई गर्न सजिलो हुने कुरा महादेवकोल शाखाको अध्यक्ष सुजित कुमार माझीले वताए ।

जुडी खोलाको एकुडक पुल निर्माण कार्यमा ४५ लाख जति खर्च हुने भएको छ । सो निर्माण कार्य पनि अहिले उधारोमा भईरहेको छ । सो मर्मत कार्य जेष्ठ मसान्त भित्र मर्मत कार्य सम्पन्न गरी सिचाईको लागि नहरमा पानी संचालन गर्ने गरेपछि २ हजार हेक्टर जमिनमा सिचाई हुने कुरा इन्जिनियर अर्जुनानन्द मिश्रले वताए ।

सुनसरी मोरंग सिचाई आयोजनाका प्रमुख भिलानन्द यादवका अनुसार यसपानि बजेटपनि कम भएकोले त्यसैवटा किसानलाई केही राहत पुगोस भने नहरलाई सरसफाई र मर्मतका कामहरु केही शाखाहरुमा हुंदै आएको छ । किसानहरुलाई सिचाईका लागि समयमै पानी उपलब्ध गराउने वहांको भनाई छ । सुनसरी मोरंग सिचाई आयोजनाले कुल ६८ हजार हेक्टर जमीनमा सिचाई गर्दै आएको छ ।

## छुरा प्रहार गरी हत्या

विराटनगर। दुई यूवाले लेटाङमा छुरा प्रहार गरी एक यूवाको हत्या गरेको छ। घटनाको विवरण अनुसार काममा लगाएवापतको पैसा नदिएको भन्दै लेटाङ नगरपालिका वडा नं. ३ का २२ वर्षीय रोमन राईको हत्या भएको प्रहरीले जनाएको छ ।

लेटाङ नगरपालिका वडा नं. ३ कै १८ वर्षीय सुशील दर्जी र दिलबहादुर लिम्बूले शुक्रवारराती रोमनमाथि छुरा हानेको मोरङ प्रहरीका प्रवक्ता डीएसपी मानबहादुर राईले जानकारी गराउँदै दर्जी र लिम्बूले विवाद गरेर लेटाङकै त्रिसूली चोकमा रोमनलाई छुरा हानेको वताए ।

पेटमा छुरा प्रहार गरिएपछि गम्भीर घाइते भएको रोमनको उपचारका लागि विराटनगरको विराट नर्सिङ होम एवं विराटनगर अस्पताल ल्याउँदै गर्दा बाटैमा मृत्यु भएको थियो । इलाका प्रहरी कार्यालय लेटाङका प्रहरी निरीक्षक रोमन अर्याल नेतृत्वको टोलीले घटनापछि फरार रहेका दर्जी र लिम्बूलाई लेटाङबाट शनिवार गरेको छ। अर्यालकै नेतृत्वमा घटनाको अनुसन्धान भइरहेको जानकारी छ। प्रहरीका अनुसार हत्या गरिएका युवा लेटाङमै पुल हाउस सञ्चालन गरेर बसेको थियो ।

वांकी अन्तिम पेजमा...

## रानीमा 'होल्डिङ सेन्टर' बन्ने

विराटनगर। कोरोना भाइरसको संक्रमण तीव्र रुपमा फैलिइरहेको र विराटनगर महानगरपालिकाभित्र 'होल्डिङ सेन्टर' बनाउन नसकेको भनेर प्रदेश १ सरकारको आलोचना भई रहेको वेला एक हजार क्षमताको 'होल्डिङ सेन्टर' विराटनगरको रानीमा बन्ने भएको छ ।

मन्त्रिपरिषद्को निर्णय अनुसार जिल्ला सुरक्षा समिति मोरङको बैठकबाट 'होल्डिङ सेन्टर' बनाउने निर्णय भएको छ। मोरङका प्रमुख जिल्ला अधिकारी कोषहरि निरौलाका अनुसार जुट मिल्सको खाली तथा अतिक्रमित तीन बिघा जग्गामा सेन्टर बनाउन सिफारिस गरि सकिएको छ।

माथिबाट अनुमति प्राप्त भएपछि बनाउने काम तत्काल सुरु गर्ने योजना रहेको उहाँको भनाइ छ। 'छिमेकी मुलुक भारतबाट आउनेहरुलाई 'होल्ड' गरेर राख्नका लागि 'सेन्टर'को आवश्यकता थियो,' प्रजिअ निरौलाले भन्नु भयो, 'आफन्त, परिवारका सदस्य तथा सम्बन्धित स्थानीय तहसँग समन्वय गरेर उनीहरुलाई पछि जिम्मा लगाइने गरी त्यहाँ राखिने छ।' भारतबाट आउनेहरुको सुरुमा रानी नाकाको हेल्थ डेक्समा एन्टिजेन परीक्षण गरिने छ ।

रिपोर्ट पोजिटिभ आएमा

वांकी अन्तिम पेजमा...

## ५९१ संक्रमित मध्ये आधा राजधानीमा

विराटनगर। प्रदेश १ मा शनिवार ५९१ जना कोरोना संक्रमित थपिएका छन् भने त्यसको आधाभन्दा वढी अर्थात ३०५ संक्रमित प्रदेश नं. १ को राजधानी विराटनगरमा रहेको छ ।

प्रदेश नं. १ को राजधानी विराटनगरमा मात्रै १४३ महिला र १६२ पुरुष गरी जम्मा ३०५ कोरोना संक्रमित थप भएको छ। कोरोना संक्रमित थप भएका जिल्लाहरुमा मोरङमा ३२७, झापामा १६०, सुनसरीमा ३७, ताप्लेजुङमा ११, भोजपुरमा १०, इलाममा ४, पाँचथरमा २, उदयपुरमा १ र प्रदेश १ बाहिरका ३९ जनामा संक्रमण पुष्टी भएका छन् ।

त्यसैगरी कटहरी गाउँपालिका मा ६, धनपालथान गाउँपालिका र रंगेली नगरपालिका मा ३/३, जहदा गाउँपालिका, बुढीगंगा गाउँपालिका र उर्लाबारी नगरपालिकामा २/२, सुन्दरहरैचा नगरपालिका, सुनबर्षी नगरपालिका, मिक्लाजुङ गाउँपालिका र स्थानीय तह नखुलेका १/१, जना रहेका छन् ।

त्यसैगरी झापाको मेचीनगरमा ३०, विर्तामोडमा २९, दमकमा २६, कनकाईमा १७, अर्जुनधारामा १६, बुद्धशान्तिमा १४, कमल गाउँपालिकामा ८, कचनकवलमा ६, भद्रपुर, हल्दिबारी र शिवसताक्षीमा ४/४ र स्थानीय तह नखुलेका २ रहेका छन् ।

सुनसरीको धरानमा १७, इटहरीमा ६, देवानगञ्जका ५, इनरुवामा ४, बर्जुमा ३, दुहवी र रामधुनीमा १/१ र स्थानीय तह नखुलेका २ जनामा संक्रमण देखिएका छन् । त्यसैगरी ताप्लेजुङको श्रीजंगामा ११, भोजपुरको आमचोकमा ९ र भोजपुर नगर पालिकामा १, इलामको चुलाचुलीमा २, रोङ र इलाम नगरपालिकामा १/१, पाँचथरको फिदिम र स्थानीय तह नखुलेका १/१, उदयपुरमा १ र प्रदेश १ बाहिरका ३९ जनामा संक्रमण देखिएको सामाजिक विकास मन्त्रालयले जनाएको छ ।

प्रदेश १ मा कोरोना संक्रमितको संख्या ४३ हजार १९८ पुगेको छ । संक्रमित भएका मध्ये ३० हजार ८५६ संक्रमणमुक्त भएका छन् । त्यसैगरी १४५ जना संक्रमणमुक्त भएका छन् । सक्रिय संक्रमितको संख्या ११ हजार ७०८ पुगेको छ। प्रदेश १ मा

वांकी अन्तिम पेजमा...

तुलसी प्याथोलोजी ल्याब एण्ड क्लिनिक
कोशी अस्पताल को अगाडी, विराटनगर
बिरामीहरूको लागि खुशीको खबर !!
ल्याब जाचमा ५०% सम्मको छुट
सम्पर्क नं. ९८४१३४८६४७ ९८१३२५४४७५
1. HBA1C
2. Lipid Profile
3. Liver Function Test (LFT)
4. Renal Function Test (RFT)
5. Thyroid Test (TFT)
6. Stool R/E
7. Urine R/E
8. Vit. D
9. Cardiac Function Test (CFT) etc...
नि:शुल्क सुगर जाँच
यो सेवा प्रत्येक शनिवारको लागि मात्र रहनेछ ।
समय: विहान ७:०० बजेदेखि दिउँसो १२:०० बजेसम्म ।

SUKRATARA FURNITURE UDYOG
BIRATNAGAR
9842033365
9805391277
Chattdev007@gmail.com



All types of Fabrication, Furniture, Prefab, Truss are available.

क्राईम अपरेशन
मो.जि.प्र.का.द.नं. २४८/०६९/७०
पू.क्षे.हु.नि.मोरंग द.न. ०१/०७३/७४

## नेपालमा...

अर्ब रुपैयाँ आउँछ । नेपाल सरकारले हालै मात्र वैज्ञानिक वन व्यवस्थापन कार्यक्रम खारेजी गरेका कारण कार्बन व्यापारबाट मुलुकले प्राप्त गर्ने प्रक्षेपण गरिएको आम्दानीमा सिधा असर पर्ने देखिन्छ । वन विज्ञ बिजयराज सुवेदीका अनुसार 'तराई तथा मध्य पहाडमा वैज्ञानिक वन व्यवस्थापन कार्यक्रम संचालन गर्दा९ करोड देखि १२ करोड क्युफिट काठ उत्पादन हुन्छ । यसलाई बायोमासमा रुपान्तरण गर्दा २७ लाख देखि ३६ लाख टनसम्म बायोमास उत्पादन हुन्छ र यो बायोमासको ६० प्रतिशतले कार्वनको हिसाव गर्दा वार्षिक १६ लाख २० हजार टन देखि २१ लाख ६० हजार टनसम्म कार्बन सञ्चिती हुने देखिन्छ । नेपालले विश्व वैंकसँग करिव प्रति टन रु. ५०० मा कार्बन खरिद सम्झौता गरेको छ । यसरी हेर्दा हरेक वर्ष ८१ करोड देखि १ अर्व ८ करोड रुपैयाँसम्म कार्बन व्यापारबाट हुने मुनाफा कम हुनेछ । निश्चित उमेर पुगिसकेका रुखले कार्वन सञ्चितिको मात्रा बढाउन सकिदैन, त्यसैले बुढा रुख काट्दै वृक्षारोपणको कृयाकलापमा जोड दिनु पर्दछ ।' प्रा.डा. राजेश राईका अनुसार 'कार्बन व्यापारबाट मुनाफा बढाउन निर्वाहमुखी वन व्यवस्थापन भन्दा व्यवसायमुखी वनको व्यवस्थापनलाई जोड दिनाले कार्बन सञ्चितिको लागि लाग्ने लगानी कम हुन आउँछ ।'

अन्त्यमा,

अनावश्यक सवालमा अल्झिदै अनुगमन गर्ने हैसियत नराख्ने, विकासको नाममा हुने गरेका वन विनाश र भु-क्षयलाई नजर अन्दाज गर्ने तर वन व्यवस्थापन गरिदाँको रुख कटानलाई भ्रष्टाचार देख्ने पुर्वाग्रही प्रवृत्ति रहुन्जेल बजेट, नीति, मार्गदर्शन, श्वेतपत्र, स्थितिपत्रमा जे ल्याए पनि वनबाट समृद्धि होईन, वनको समृद्धिको लागि ठुलो मुल्य चुकाउनु पर्ने हुन्छ । तराईका मात्र ५० प्रतिशत वन क्षेत्रको वैज्ञानिक व्यवस्थापन गर्न सके वार्षिक १५ अर्व रुपैया देशको अर्थतन्त्रमा प्राप्त हुन्छ भन्ने कागजी टिपोट फगत दिवा सपना हुनेछ । अत: वैज्ञानिक वन व्यवस्थापन कार्यक्रम खारेज गर्ने सरकारको निर्णय तत्कालै सच्याएर वैज्ञानिक वन व्यवस्थापन पद्धतीलाई वन व्यवस्थापनको टिना (त्क्ष्लब) फ्याक्टरको रुपमा अँगिकार गरिए सर्वथा हितकर हुनेछ ।

(महतो मधेशका लागि वनका राष्ट्रिय संयोजक हुन् ।) मधेशवाणीबाट

## छुरा...

ट्र्याक्टर लगायतका ढुवानीका साधनको खोजी गरेर ढुङ्गा, बालुवासमेतका निर्माण सामाग्री ढुवानीका लागि ठेक्कामा लगाउने काम पनि उनले गर्दै आएको पाइएको प्रहरीले जनाएको छ । प्रहरीका अनुसार हत्यामा संलग्न दर्जी र लिम्बू ट्र्याक्टरका मजदुर हुन् ।

उनीहरुलाई रोमनले नै निर्माण सामाग्री ढुवानीको काममा लगाउने गरेका थिए । काममा लगाएको पैसा नदिएको विषयलाई लिएर बढेको विवाद हत्यामा परिणत भएको प्रहरीको भनाइ छ ।

घटनामा संलग्न दुवै जनाविरुद्ध कर्तव्य ज्यान मुद्दा चलाइने भएको जिल्ला प्रहरी कार्यालय मोरंगले जनाएको छ ।

## ५८१ संक्रमित...

शनिवार १ हजार ३१९ जनाको पीसीआर परीक्षण गरिएको छ । परीक्षण गरिएका मध्ये २४३ महिला र ३४८ पुरुषको रिपोर्ट पोजेटिभ देखिएको छ ।

## रानीमा...

उपचारका लागि लगिने र नेगेटिभ आएमा 'सेन्टर'मा राख्दै जिम्मा लिन आउन परिवारका सदस्य तथा सम्बन्धित स्थानीय तहलाई खवर गरिने निरौलाको भनाइ छ ।

केही दिनदेखि रानी नाका हुँदै भारतबाट दैनिक २० जनाभन्दा बढी नेपाल प्रवेश गरिरहेका छन् । यसअघि दैनिक दुई सयभन्दा बढी आउने गरेका थिए । भारतबाट आएकालाई 'सेन्टर'मा खानपिनसहित कम्तीमा १२ दिनसम्म राख्ने व्यवस्था मिलाइने मोरङ प्रहरी प्रमुख एसपी सन्तोष खड्काले जानकारी दिनु भयो ।

भारतबाट आएका तर बाहिरका जिल्ला घर भएकाहरु अलपत्र नपरुन् भनेर 'होल्डिङ सेन्टर' बनाउन लागिएको उहाँको भनाइ छ ।

# अक्सिजन ग्याँस सिलिण्डर डिलरमा



झापा । झापा प्रहरीको सक्रियतामा स्थानीय ग्यारेजबाट १ सय ३३ वटा अक्सिजन ग्याँस सिलिण्डर भेला पारी अक्सिजन रिफिल गर्न डिलरलाई बुझाईएको छ ।

सो ग्यास सिलिण्डरहरु गत बुधबार देखि शनिबार सम्ममा ईलाका प्रहरी कार्यालय दमकले १२ वटा, अनारमनीले ९० वटा, काकडभिट्टाले १२ वटा र धुलाबारीले १९ वटा गरी जम्मा १३३ वटा अक्सिजन ग्याँस सिलिण्डर जम्मा गरेको थियो ।

उक्त जम्मा पारिएको सिलिण्डर हरु रिफिल गर्नको लागी कपुरी ट्रेडर्सलाई १ सय २१ वटा र मातृ ट्रेडर्सलाई १२ वटा जिम्मा लगाईएको जिल्ला प्रहरी कार्यालय झापाले जनाएको छ ।

सो सिलिण्डरहरु प्रहरी कार्यालयहरुले आ-आफ्नो एरियामा पर्ने ग्यारेजहरु सगुन ग्यारेज, तुलसी ग्यारेज, हस्लेन चेक ग्यारेज, पाथिभरा ग्यारेज, स्माल ग्यारेज, ओम साई अटो ग्यारेज, राजिब ग्यारेजसंग समन्वय गरी जम्मा गरिएको थियो ।

उक्त सिलिण्डरहरु रिफिल गरी आवश्यकता अनुसार कोभिड अस्पतालहरुलाई आपुर्ति गर्ने व्यवस्था मिलाउने समेत प्रहरी कार्यालयले जनाएको छ ।

# भिलेज नेपालद्धारा मास्क र सेनिटाईजर वितरण



बिराटनगर । कोरोना भाईरस (कोभिड-१९) को महामारी चलि रहेको वेला सो महामारीबाट बच्नको लागि जनचेतना जगाउदै भिलेज नेपालले मास्क र सेनिटाईजर वितरण गरेको छ ।

जहदा गाउँपालिकाको वडा नं. १ को कोराना संक्रमित विष्णु राजवंशीलाई मास्के र सेनिटाईजर हस्तान्तरण गर्दै सोही वाटोमा मास्क नलगाई हिडेका वटुवाहरुलाई मास्क वितरण गर्दै सिनिटाईजर प्रयोग गर्न सिकाएका थिए ।

त्यसगरी भिलेज नेपालले जहदा गाउंपालिका वडा नं. २ को भुटहामा राजेश राजवंशीका नेतृत्वमा सैयौ वटुवाहरुलाई मास्क र सेनिटाईजर वितरण गरेका थिए ।

भिलेज नेपालका कोषध्यक्ष मुकेश यादवको अध्यक्षतामा विराटनगर महानगर पालिका वडा नं. १४ मा पैदल र गाडीमा हिडेका वटुवाहरुलाई मास्क र सेनिटाईजर वितरण गरेको छ ।

उक्त मास्क र सेनिटाईजर वितरण कार्यक्रम भिलेज नेपालका सचिव हिरालाल साहको उपस्थितिमा र भिलेज नेपालका अध्यक्ष श्याम सुन्दर सुतिहारको अध्यक्षतामा सम्पन्न भएको थियो ।





अस्पतालकै जगतमा एक मात्र सुरक्षा अस्पताल

सुरक्षा अस्पताल प्रा.लि.सबैको सहयोगले स्त्री रोग तथा प्रसुती सेवा पाचौं वर्ष पुरा गरेर छैठौ वर्षमा प्रवेश गरेको र नवजात शिशुको उपचार दोस्रो वर्षमा प्रवेश गर्नुका साथै हाल ढाड तथा नशा रोग, **painless** प्रसुती सेवा, **Emergency** सेवा नया एंव अध्याधिक भरपर्दो **(ICU/MICU,NICU)** तथा जेनरल वार्डमा विभिन्न प्रविधिहरु सहितको सुविधा सम्पन्न सेवा संचालन भएको सबै सेवा ग्राहीहरुमा जानकारी गराउँदछौ ।

हाम्रो सेवाहरु :-

★ स्त्री रोग तथा प्रसुती सम्बन्धी सम्पूर्ण सेवाहरु
★ रोग सम्वन्धी (PICU,NICU With Ventilator) सेवा
★ जनरल फिजिसियन सेवा
★ जनरल सर्जरी तथा हाडजोडर्नी नशा रोग सम्वन्धी सम्पूर्ण सेवा
★ Minor & Major surgery सेवा
★ Laparoscopic surgery (दुरवीन द्धारा अप्रेशन) सेवा
★ इन्टरभेसनल स्पाइन एण्ड क्रोनिक पेन म्यानेजमेन्ट
★ 24 Hours Emergency सेवा
★ विशेष डाक्टरहरु द्धारा ओ.पि.डी. सेवा
★ २४ घण्टा ल्याब सेवा, एम्बुलेन्स सेवा र फार्मेसी सेवा
★ इनफर्टिलिटी क्लिनिक सेवा
★ **X–Ray, ECG,ECHO,USG,HSG,Cystoscopy**

सुरक्षा अस्पताल प्रा.लि.
वीरेन्द्र सभागृह अगाडी
सम्पर्क न. ०२१- ५३६९४१



अन्त्य गरौं लैंगिक हिंसा र दुर्व्यवहार :
व्यक्ति, समाज र राष्ट्र जिम्मेवार

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधी मन्त्रालय
सूचना तथा प्रसारण विभाग


क्राईम अपरेशन
प्रवन्ध निर्देशक : हिरालाल साह ९८४२२०५८१६ सम्पादक/प्रकाशक:श्याम सुन्दर सुतिहार ९८४२०२७१४२,९८०७३५२२१३ कार्यालय विराटनगर-११ कम्प्युटर लेआउट:विजय कु.मण्डल मुद्रक:बाबा प्रिण्टर्स अफसेट प्रेस, विराटनगर-७ इमेल:crimeopration@gmail.com

## सम्पादकीय

# महामारीमा सरकारी अन्यौलता

कोरोना महामारीको रुप लिई सकेता पनि नेपालको राजनीति अहिलेपनि सत्ताको लोलुपतामै फसेको छ। एक त कोरोनाको महामारी, त्यसमा पनि आर्थिक वर्ष ०७८/०७९ को बजेट ल्याउनु पर्ने चटारोको वेला सरकार नै अल्पमतमा परेपछि राजनीतिक दलहरुले फेरी पनि जोडघटाउमा लागेका छन्। कोरोना महामारीको कुनै पनि राजनीतिकदलहरुले वास्ता गरेका छैन जसका कारण कोरोना भाईरस गाउँ-गाउँ सम्म पुगिसेको छ भने संक्रमितको संख्या दिन प्रति दिन बढ्नुका साथै मृत्यु दर पनि बृद्धि भईरहेको छ। कोरोना संक्रमितहरुले अक्सिजर र भेन्टिलेटरको अभावमा मृत्युको मुखमा गई रहेको छ। सरकारले महामारी नियन्त्रणका लागि विश्वव्यापी नियम (लकडाउन, निषेधाज्ञा र सामाजिक दुरी) पालना बाहेक आम नेपाली जनताको लागि केही गर्न सकिरहेको छैन। कोरोना संक्रमितहरुले स्वय सवै जोहो गर्नु पर्ने भएको छ। नेपाल सरकाा आफ्नो दायित्वबाट पन्छिरहेका छ। कोरोना महामारी नियन्त्रणका लागि अन्यौलता होईन सवै राजनीतिक दलहरुको सामूहिक प्रतिवद्धताको खाँचो छ।

कोरोना संक्रमणको पहिलो लहर चलिरहँदा नेपालका प्रधानमन्त्री केपी शर्मा आली त्यसलाई उखान टुक्का जस्तो लिएर अनावश्य भ्रम फैलाएकै कारण आज देशमा कोरोना महामारी फैलिएको छ। एक देशबाट अर्को देशमा सल्किएर विश्वव्यापी बनेको महामारी नियन्त्रणमा एक देशको साथ अर्को देशलाई हुनुपर्छ। अहिले नेपाल स्वास्थ्य संकटमा गुज्रिएको छ। छिमेकी मुलुक भारत आफैं कोरोनाको दोस्रो चरणले थलिएको अवस्था छ। यस्तो समयमा राजनीतिक गतिरोध चुलिँदा नेपालले महामारीको क्षति दोस्रो लहरमा बढी बेहोर्नु परिरहेको छ। यो विषयमा चिन्तन गर्ने समय सकिसकिएको छ। कारोना महामारी सामाजिक दुरी कायम, माक्स लगिाएर मात्र रोकिनेवाला छैन। कोरोना नियन्त्रणका लागि आम नेपाली जनता राजनीतिक दलहरुले राजनीति अन्यौलतालाई चिरदै हातेमालो र सामूहिक प्रतिवद्धता गरेर अगाडी बढनु एक मात्र विकल्प रहेको छ।

सत्तामा जुन राजनीतिक पार्टी भएपनि कोरोनाको महामारीलाई सबै राजनीतिक दलहरुले आ-आफ्नो पार्टी गत, व्यक्तिगत स्वार्थभनदा माथि उठ्ेर सामूहिक प्रतिवद्धताका साथ नागरिक सुरक्षालाई मुख्य जिम्मेवारीमा लिएर दलका प्रमुख नेताहरु मिलेमा गाउँगाउँ सम्म का पार्टीका कार्यकर्ताहरु काधहाल्न आवश्य भिड्ने छ। त्यसैले अब पार्टी स्वार्थको होइन, स्वास्थ्य संकट व्यवस्थापनमा सामूहिक प्रतिबद्धताको अँगालो हालेर आम नेपाली जनताको सुरक्षा आवश्यक रहेको छ।

# ‘महामारीमा नखट्ने नर्सले किराना पसल थापे हुन्छ’

**अहेमा थापा, स्टाफ नर्स**

गत वर्ष पहिलोपटक विश्वव्यापी महामारीका रूपमा कोरोना संक्रमण फैलँदा यसबारे कुनै जानकारी नै थिएन। त्यसबेला कोरोना संक्रमण खासै कडा पनि थिएन। कुनै लक्षण नदेखिए पनि हामी डराएका थियौं। र पनि नर्सको जिम्मेवारी पूरा गर्न छोडेनौं।

पहिलो लहर कम हुँदै गएपछि दोस्रो लहर आउँछ भन्ने विज्ञहरूले अनुमान गरेका थिए। हामीले त्यतातिर ध्यान दिएनौं। सरकार, राजनीति दल र समाजका जिम्मेवार मान्छेले नै लापरबाही गरे।

हामीले एकखालले कोरोनालाई बिर्सिसकेका थियौं। भारतमा फैलिएको कोरोना नेपालमा पनि आउँछ भन्ने पक्का जस्तै थियो। तर पनि निषेधाज्ञा लगायत रोकथामका उपाय अपनाउन हामीले अलिकति ढिला गर्‍यौं कि भन्ने लाग्छ।

त्यो ढिलासुस्ती सबै क्षेत्रबाट भयो। सरकारबाट मात्रै होइन, सर्वसाधारणले पनि बुझेनौं वा बुझ्ने प्रयत्न गरेनौं। भेला, समारोह, जुलूस, नारा, विवाह, पार्टी एकदम जरूरी ठान्यौं। सामाजिक दूरी बिर्सियौं, मास्क, स्यानिटाइजर लगाउन छोड्यौं। साबुनपानीले हात धुन भुल्यौं। त्यसैको दुष्परिणाम आज भोग्नु परिरहेको छ।

समस्याको कुरा त के भने अहिलेको कोरोना संक्रमण पहिलो लहर जस्तो छैन। एक नर्स भएर नजिकबाट बिरामीको सेवा गर्दा पनि थाहा पाएको कुरा के हो भने दोस्रो लहरका रूपमा फैलिएको कोभिड संक्रमण निकै तीव्र र कडा लक्षण सहितको छ। संक्रमितको लक्षण परिवर्तन भएर आएको छ।

तीव्र संक्रमणका कारण एकैपटक अस्पतालमा ७०/८० जनाको चापलाई सेवा दिनुपर्ने हुन्छ भने कडा लक्षण भएकाले अक्सिजनसहित उच्च केयरमा उपचार गर्नुपर्ने देखिएको छ। अहिले सबै बिरामी गम्भीर अवस्थामा अस्पतालमा आउँछन्। जसलाई कम्तीमा अक्सिजनको सपोर्ट नभए आईसीयूदेखि भेन्टिलेटरसम्मको जरुरत परिरहेको छ। उनीहरूको रेखदेख, उपचार सबै डाक्टरको निर्देशन र सल्लाहमा नर्सले गरिरहेका हुन्छन्। तर नारायणी अस्पतालमा नर्सको संख्या कम छ। दरबन्दी अनुसार नर्स छैनन्। ९ जना जति नर्स संक्रमित भइसकेका छन्।

नारायणी अस्पतालको मात्रै कुरा गर्ने हो भने आईसीयू, एचडीयूमा २६ जना अति क्रिटिकल केसहरू सिप्याप, बाइप्याप, भेन्टिलेटरमा हुन्छन्। त्यो सबै बिरामीको सेवामा तीन जना नर्स खटिनुभएको छ। अर्कोतिर ४८ वटा बेड छन्। ४२/४३ जना संक्रमितहरू त्यहाँ हुन्छन्। ती सबै अक्सिजनसँगै सिप्याप, बाईप्यापमा राख्नुपर्ने अवस्थाका हुन्छन्। उनीहरूको पनि अवस्था गम्भीर नै हुन्छ। उनीहरूलाई पनि तीन जना नर्सले केयर गर्नुपर्छ। पुरानो इमर्जेन्सीमा पनि कोभिड संक्रमितको उपचार चलिरहेको छ। तीव्र संक्रमणका कारण त्यहाँ ४० भन्दा बढी नै बिरामी उपचार गराइरहेका हुन्छन्।

अक्सिजन नचाहिने प्रायः हुँदैनन् भन्दा हुन्छ। नर्सिङ स्टाफ नपुगेर हामीले उहाँहरूको सेवामा दुई जना अहेबलाई खटाएका छौं।

सेवाकै लागि प्रण गरेर यो पेशा रोजेको हो। फ्लोरेन्स नाइटिङ्गेलबाट प्रभावित भएर नर्सिङ पेशा अपनाएको हो। मुटुमा हात राखेर भन्छु- महामारीमा खटिन पाउँदा निकै गौरवान्वित महसूस हुन्छ। महामारीमा काम गर्न पाउनु एउटा अवसर पनि हो। जुन पेशा रोजेकी थिएँ, महामारीमा केही त योगदान दिन सकिएको छ नि भन्ने लाग्छ।

यति गाह्रो अवस्था छ कि अस्पतालमा कर्मचारी त धेरै देखिन्छ। कोभिडका बिरामीलाई सेवा दिने स्वास्थ्यकर्मी एकदमै कम छौं। तैपनि निरन्तर सेवा दिइरहेका छौं। बिरामीको रेसियोमा पहिला त नर्स थिएनन् यस्तो बेला त झन् त्यो कल्पना नगर्दा पनि हुने अवस्था छ।

बिरामीका पनि आफ्नै पीडा छन्। उहाँहरूका पीडा मिडियाले लेख्नुपर्छ, तर हाम्रा पनि त पीडा छन्। समस्या छन्। आफ्नै गाह्रा-अप्ठेराहरू छन् नि ! ती पनि त लेखिदिनुपर्छ नि !

बिरामीलाई जति अक्सिजन चाहिन्छ त्यति दिनुपर्छ। यहाँ त कतिपय बिरामीका आफन्त नै जान्ने हुन्छन्। अक्सिजन ६ लिटर चाहिने ठाउँमा १० लिटर चलाइदिन्छन्। बढी अक्सिजन पठायो भने ब्रेनमा, आँखामा असर गर्छ। स्याचुरेसन ठीक छ भने अक्सिजन कम लिनुपर्छ। बेला बेलामा लिने र छोड्ने गर्नुपर्छ। त्यो कुरा सम्झायो भने बिरामीका आफन्त टेर्दैनन्।

बिरामीका कुरुवालाई बिरामी भएठाउँमा जानबाट रोक्नुपर्ने हो। तर नर्सिङ स्टाफले उनीहरूलाई रोक्ने कि बिरामीको सेवा गर्ने, धेरै कुरामा हैरानी बेहोर्नुपरेको छ।

म आफैं घाँटीको समस्या भएर गार्गल, वाफ लिन्छु। कहिलेकाहीं औषधि समेत लिनुपर्छ। बिरामीका आफन्तलाई सम्झाउन र नर्स साथीहरूलाई सल्लाह दिनका लागि बोल्दा बोल्दा घाँटी दुख्छ। बिहानदेखि बोल्न शुरू गर्‍यो, बेलुकासम्म बोलिरहनुपर्छ। काउन्सिलिङ गरेको गरेकै गर्नुपर्छ। बाहिरबाट पनि जनचेतना जगाउने कार्यक्रम कसैले गरिदिएको भए पनि सहज हुनेथियो।

हामी हाम्रो बलबुताले भ्याएसम्म लागिरहेका छौं। हामीले परिवार नभनी बिरामीको सेवामा आफूलाई समर्पित गरेका छौं। अहिले परिवारभन्दा संक्रमितकै लागि सोचिरहेका छौं। बाँचेपछि घरपरिवारमा त गइहालौंला नि भन्ने लाग्छ।

सरकारले बनाएको गाइडलाइन अनुसार ७ दिन आइसोलेसनमा १२ घण्टा काम गर्ने भन्ने छ तर हामी १८ घन्टासम्म पनि काम गरिरहेका हुन्छौं। ७ दिन क्वारेन्टिन बस्छौं। कसैलाई लक्षण देखियो वा कुनै गम्भीर अवस्था भयो भने पीसीआर परीक्षण गराउँछौं। संक्रमण पुष्टि भएपछि आइसोलेसन बस्ने वा अस्पतालमा भर्ना हुने हो। नेगेटिभ आउँदा परिवारमा जान पाइन्थ्यो। अहिले त त्यो अवस्था पनि छैन।

पहिला क्वारेन्टिन बसेर नेगेटिभ आएपछि एक-दुई दिन भए पनि घर जाउँ भन्न सकिन्थ्यो। अहिले अस्पतालको नर्सिङ को-अर्डिनेटर भएर काम गरिरहेकी छु। ७ दिन काम गरेर घर जाउँ भन्न सक्ने अवस्था छैन। परिवारमा फर्किने अवस्था छैन। र पनि हामीले सेवाकै लागि प्रण गरेर यो पेशा रोजेका हौं। फ्लोरेन्स नाइटिङ्गेलबाट प्रभावित भएर नर्सिङ पेशा अपनाएको हो। मुटुमा हात राखेर भन्छु- महामारीमा खटिन पाउँदा निकै गौरवान्वित महसूस गरिरहेका हुन्छौं। महामारीमा काम गर्न पाउनु एउटा अवसर पनि हो। जुन पेशा रोजेकी थिएँ, महामारीमा केही त योगदान दिन सकिएको छ नि भन्ने लाग्छ। काम गर्न चुनौती र जोखिम छ। दुःख यस अर्थमा लाग्छ, यति गर्दागर्दै पनि मानिस मरिरहेका छन्। कतिपय मानिस गम्भीर बिरामी भएर ल्याउँदा बचाउन सकिंदैन। राज्यले बिरामीको उपचारका लागि गर्नुपर्ने व्यवस्था यथेष्ट हुनसकेको छैन।

महामारीमा खट्न नचाहने नर्सले नर्सिङ पेशा छोड्दा हुन्छ। त्यस्ताले किन यस्तो पेशा रोज्ने ? डर लाग्छ भन्ने हो भने नर्सिङ पेशा छोडेर किराना पसल थापेर बस्दा भइगयो नि !

बिरामीका आफन्तहरू आक्रोशित भएर नर्सिङ कर्मचारी माथि हातपात समेत गर्छन्। त्यसलाई पनि हामीले परिवारमा दुःख परेको छ, आक्रोश पोख्ने मानिसको विभिन्न तरिका हुन्छ भनेर सहजै लिने गरेका छौं। हाम्रो यत्ति कामना हो, आक्रोशमा हामीमाथि क्षति नगरिदिनुस्, नर्सिङ स्टाफ धेरै कम छौं।

नारायणी अस्पतालमा पहिल्यै देखि नर्सहरू कम छन्। वीरगञ्ज महानगरपालिका, प्रदेश सरकारसँग माग गरे पनि पठाइएको छैन। नर्सिङ स्टाफ कम भएर काम गर्न निकै गाह्रो भइरहेको छ। बारा, रौतहटका बिरामी पनि उपचारका लागि यहाँ आउँछन्। ती जिल्लाका स्वास्थ्य चौकी, बर्थिङ सेन्टरहरूमा नर्स होलान्, उनीहरूलाई वीरगञ्जमा खटाउने व्यवस्था गर्नुपर्छ। रिफर जति हामीले हेर्नुपर्छ, गाउँपालिकाहरूमा एक दिन हाजिर गरेर बसिरहेकालाई सेवामा लगाउने जिम्मा स्थानीय सरकारको पनि हो।

प्रदेश सरकारले ८ जना नर्स पठाएकोमा दुई जना मात्रै आएका छन्। अरू काम गर्दिनँ भनेर आएनन्। महामारीमा खट्न नचाहने नर्सले नर्सिङ पेशा छोड्दा हुन्छ। त्यस्ताले किन यस्तो पेशा रोज्ने ? डर लाग्छ भन्ने हो भने नर्सिङ पेशा छोडेर किराना पसल थापेर बस्दा भइगयो नि !

विभिन्न संघ-संस्था, नर्सिङ कलेजमा पनि नर्सहरू छन्। उनीहरूले आ-आफ्नो गाउँ-ठाउँमा मात्रै भए पनि खटिदिनुपर्छ। होम आइसोलेसनमा बसेकालाई स्वास्थ्य परामर्श दिंदा पनि महामारीमा साथ दिन सकिन्छ। कम्तीमा सिरियस भएर अस्पताल पुग्नेको संख्यामा त कमी हुन्छ।

मास्क कसरी लगाउने भन्ने मात्रै सिकाइदिंदा पनि राहत हुन्छ। स्वास्थ्य सचेतना जगाउन सबै लागिदिनुपर्छ। कोरोना संक्रमणको चेन ब्रेक गर्न भूमिका खेल्न सकिन्छ। जो जहाँ जस्तो अवस्थामा छन्, सबैले आ-आफ्नो ठाउँबाट भूमिका खेल्नुपर्छ। अनि पो हामी यो महामारीलाई जित्न सकौंला।

(नारायणी अस्पतालको कोभिड वार्डकी नर्सिङ संयोजक थापासँग नर्सिङ दिवसको अवसरमा अनलाइनखबरकर्मी सुरेश बिडारीले गरेको कुराकानीमा आधारित) अनलाईनबाट

# साप्ताहिक राशिफल

**मेष (चु, चे, चो, ला, लि, लु, ले, लो, अ):तपाईका विरोधीहरु परास्त हुनुका साथै मान सम्मान समेत मिल्ने योग रहेको छ। युवकयुवतीहरुका लागि नयां जीवन साथी मिल्ने छ।**

**वृष (इ, उ, ए, ओ, वा, वि, वु, वे, वो): आर्थिक पक्ष राम्रो रहेकाले व्यपार व्यवसायीवाट राम्रै लाभ मिल्ने तथा पारिवारिक सुख भ्रमणको योग समेत रहेको छ।**

**मिथुन (क, कि, कु, घ, ङ, छ, के, को, ह)** : आफन्त जनसंग खटपट मनमुटाउ गराउने योग छ। दाम्पत्य तथा प्रेमको विषयमा सामान्य अप्ठ्यारो हुने योग छ।

**कर्कट (हि, हु, हे, हो, डा, डि, डु, डे, डो)**:मनमा अनावश्यक तर्ककुतर्कले डेरा जमाउने योग देखिन्छ। गरेको काम अरुले काट्न सक्ने देखिएकाले विचार पु-याएर काम गर्नु होला।

**सिंह (मा, मि, मु, मे, मो, टा, टि, टु, टे)**: विद्यार्थी वर्गका लागि पढाईमा गहिरो लगाव हुनुका साथै बौद्धिक क्रियाकलापमा सहभागी गराउने योग छ।

**कन्या (टो, प, पी, पू, ष, ण, ठ, पे, पो)**: शारिरीक अस्वस्थ्यताका साथै आलस्य बढने योग रहेको छ। नाना तरहका अनावश्क विषयले मानसिक तनाव उत्पन्न गराउने देखिन्छ।

**तुला (रा, री, रु, रे, रो, ता, ती, तु, ते)**:परिवारिक चिन्ताले सताउने योग रहेको छ। भने उत्तरार्द्धमा सामान्य वादविवादमा पर्न सम्भावना रहेको छ।

**वृश्चिक (तो, ना, नि, नू, ने, नो, या, यि, यू)**: आर्थिक पक्ष सवल रहेको छ। आत्मबल तथा पराक्रम बढेर जानाले प्रशस्त कार्य सम्पादन गर्ने क्षमता वढ्ने छ।

**धनु (यो, भा, भी, भू, ध, फा, ढ, भे)**: मेवा मिष्ठान्नका परिकार प्राप्त हुने बेला छ। कृषि तथा कृषिजन्य व्यवसायमा लाभ हुनेछ।

**मकर (भो, जा, जी, जू, जे, ख, खि, खू, खे, गा, गी)**:महिनाको पुर्वाधमा मित्रसहयोग,धनागमन तथा मनोरञ्जनको अवसर मिल्नेछ। भने उत्तरार्धमा मान हानि तथा अपमान आउनसक्ने छ।

**कुम्भ (गु, गे, गो, सा, सी, सु, से, सो, द)**:सामाजिक कार्यमा सहभागी हुनुका साथै भोजभतेरमा तथा रमाईलो यात्राको सुवर्ण अवसर मिल्ने योग रहेको छ।

**मीन (दी, दु, थ, झ, ञ, दे, दो, च, ची)**:शत्रुहरुको शिर निहुरिनेछ। भने वाद विवादमा विजय मिल्ने योग रहेको छ। पेट, आंखा तथा सामान्य शारीरिक अस्वस्थता देखापर्नैछ।

# केही महत्व पूर्ण टेलिफोन नम्बरहरु

## दमकल

बिराटनगर बारुणयन्त्र ४२००००
इटहरी बारुणयन्त्र ५८०१०१
धरान बारुणयन्त्र ५२०१९९
इनरुवा बारुणयन्त्र ५६०१०१
दमक बारुणयन्त्र ०२३-५८०१०१
भद्रपुर बारुणयन्त्र ०२३-५२०१०१

## एम्बुलेन्स सेवा

जिविस मोरङ ५३६३५३
नेरेसो रंगेली ५८००४८
बिराटनगर उपमनपा ५२२२३६

## अस्पताल

कोशी अ.अ.इमरजेन्सी ५२४२३४
रंगेली अस्पताल ५८००४८
आँखा अस्पताल ५२३७०६
सुरक्षा अस्पताल प्रा.लि.
०२१-५३६९४१, ५२२८७७
एम्बुलेन्स ९८०२७५३७१७,
९८०२७५३७०६

## प्रहरी

पूर्वाञ्चल क्षे.प्र.कार्यालय
०२१-४३५००१
जिल्ला प्रहरी कार्यालय
५३०३५८, ५२३९०१,१००
नगर प्र.का.. बिराटनगर
५२१८५०, ५३०३६७, ११०,
इ.प्र.का. रंगेली
८०१००८०१३०
इ.प्र.का. उर्लाबारी
०२१-५४०००२
सिमा प्रहरी चौकी
०२१-४३५८४०

# धारिलो हतियार प्रहार गरी लाखौंको धनमाल लुटपाट गर्ने तीन जना प्रहरीको फन्दामा



सुनसरी। धारिलो हतियारले प्रहार गरी गम्भीर घाईते बनाई नगद र गरगहना लुट्ने समुह प्रहरीको फन्दामा परेका छन्।

सुनसरीको धरान उपमहानगर पालिका वडा नं. १५ पुर्वेली पथबाट एक घरधनीलाई धारिलो हतियारले प्रहार गरी गम्भीर घाईते बनाई नगद र गरगहना लुट्ने समुह पक्राउ परेको हो।

पक्राउ पर्नेमा मोरङ पथरी नगरपालिका वडा नं. ३ घर भई हाल धरान उपमहानगरपालिका वडा नं. १५ सुनगाभा मार्गमा बस्ने ३८ बर्षीय सन्तोष भन्ने वीरवहादुर परियार, पथरी शनिश्चरे ५ पिपलडाँडा घर भई हाल धरान १० पुतली लाईन बस्ने ३५ बर्षीय सोनी राई र धरान १३ अमरहाट बस्ने २९ बर्षीया लक्ष्मी लिम्बु रहेका छन्।

बैशाख ११ गते सोही स्थानका झरना बिश्वकर्मा र उनको छोरा जोहन बिश्वकर्मा पुजा गर्न घर बाहिर गएको अवस्थामा अपरिचित मानिस प्रवेश गरी झरना कि आमा गोबिन्द माँया विश्वकर्मालाई टाउको लगायत शरिरका बिभिन्न भागमा धारिलो हतियारले प्रहार गरी गम्भीर घाईते बनाई लूटपाट गरेका थिए।

लुटेरा समुहले नगद रु. २ लाख र घरमा रहेका सुनका गरगहना गरी जम्मा रु. ११ लाख ४० हजार ९ सय ५० बराबरको धनमाल डाँका गरी लगेका थिए। सो घटनामा घाईते भएकी गोबिन्द मायाको न्यूरो अस्पताल विराटनगरमा पठाईएकोमा उपचारको क्रममा बैशाख १९ गते मृत्यु भएको थियो।

उक्त घटनामा सम्लग्न प्रतिबादीहरुको खोजतलासका लागी पिडित परिवारको जाहेरी तथा स्थानीय मानिसको सुचनाको आधारमा सुक्ष्म रुपले अनुसन्धान प्रकृया अगाडी बढाईएको थियो।

उक्त घटनाको गहन अनुसन्धान थालेको १ नम्बर प्रदेश प्रहरी कार्यालय अनुसन्धान समुह, जिल्ला प्रहरी कार्यालय सुनसरी तथा ईलाका प्रहरी कार्यालय धरानबाट खटिएको प्रहरी टोलीले उल्लेख गरिएका सामान सहित घटनामा संलग्न उनिहरुलाई नियन्त्रणमा लिन सफल भएको हो।

पक्राउ परेका उनिहरुले लुटेर लगेको गहनाहरु सोनी राईले बहिनी नाता पर्ने लक्ष्मी लिम्बुलाई लुकाई छिपाई राख्न दिएको भनि खुल्न आए पश्चात लक्ष्मीको कोठा खानतलाशी गर्दा लुकाई छिपाई राखेको अवस्थामा सुनका गहनाहरु समेत फेला पारी बरामद गरिएको हो।

पक्राउ परेका उपर कर्तव्य ज्यान र डाँका मुद्धामा ईलाका प्रहरी कार्यालय धरानबाट कारवाही प्रकृया अगाडी बढाईएको छ।

## मादक पदार्थ सेवन गरी झगडा गर्दा एकको मृत्यु

ओखलढुंगा । मादक पदार्थ सेवन गरि झैझगाडा हुँदा एक जनाको मृत्यु भएको छ।

मृत्यु हुनेमा ओखलढुङगा खजिदेम्बा गाऊपालिका वडा नं. १ आरुबोट का ६० बर्षीय महेस कुमार खड्का रहेको छ।

शनिबार बेलुका सोही स्थान का ५० बर्षीय प्रेम वहादुर सुनुवार र खड्का बिच मादक पदार्थ सेवन गरी कुटाकुट हुँदा खड्काको घटनास्थलमानै मृत्यु भएको हो। सुनुवारले खड्काकै घरमा आएर कुटपिट गरेको जिल्ला प्रहरी कार्यालय ओखलढुंगाले जनाएको छ।

सुनुवार समेत घाईते भएकाले स्थानिय क्लिनिकमा उपचार पश्चात ईलाका प्रहरी कार्यालय खिजीफलाटेको नियन्त्रणमा रहेको सो कार्यालयले जनाएको छ।

## टिकटक बनाउँदा लडेर मृत्यु

मोरङ। पानी सहित परेको चट्याङमा परी मोरङको छुट्टा छुट्टै स्थानमा १ जनाको मृत्यु भएको थियो भने २ जना घाईते भएका थिए।

बैशाख २६ गते आईतवार चट्याङ्ग लागेर रंगेली नगरपालिका १ हाटखोला का ३० बर्षीय प्रबिन माझीको चट्याङमा परी मृत्यु भएको थियो। उनि बारीमा काम गरिरहेको अवस्थामा चट्याङ्ममा परी गम्भिर घाईते भएका उनको रंगेली अस्पतालमा पुर्याउन साथ मृत्यु भएको ईलाका प्रहरी कार्यालय रंगेलीले जनाएको थियो।

त्यस्तै बिहान मोरङकै जहदा गाऊपालिका ६ पोखरिया का ४५ बर्षीय मुक्तर मिया अन्सारी र निजकै श्रीमती २६ बर्षीया जाननारा खातुनलाई आफ्नै घरमा बसि रहेको अवस्थामा चट्याङको झट्का लागी घाईते भएका थिए।

उनिहरुको कोशी अस्पताल बिराटनगरमा उपचार भईरहेको जिल्ला प्रहरी कार्यालय मोरङले जनाएको थियो।

## पानीमा डुबेर बालकका मृत्यु

बिराटनगर। मोरङ रंगेली नगरपालिका ९ बेदमारी स्थितमा इट्टा बनाउन खनेको माटोको खाल्डोमा जमेको पानीमा डुबी बालकको मृत्यु भएको थियो।

सोमबार भारत बिहार घर भई सोही स्थानमा रहेको देवि इट्टा उद्योगमा काम गर्ने मजदुर भुसननिया मियाँको छोरा १० बर्षीय अलिअर मिया खेल्ने क्रममा उक्त पानीको खाल्डोमा डुबी गम्भिर घाईते भएका थिए।

घाईते बालकको उपचारको लागी रंगेली अस्पताल लाने क्रममा बाटैमा मृत्यु भएको ईलाका प्रहरी कार्यालय रंगेलीले जनाएको थियो। घटना सम्बन्धमा थप अनुसन्धान भईरहेको सो कार्यालयले जनाएको छ।

## अटो खस्दा १ को मृत्यु ४ घाईते

खोटाङ। खोटाङ जन्तेढुंगा गाउपालिका वडा नं. ५ घोर्ले स्थित तारेभिरबाट अटो टेम्पु खस्दा अटोमा सवार १ जना बालको मृत्यु र ४ जना घाईते भएको थियो।

सोही स्थानका १३ बर्षीय गोकुल परियारको मृत्यु भएको थियो। उनको उपचारको लागी घोपा धरान ल्याउने क्रममा बाटोमानै मृत्यु भएको थियो।

उक्त दुर्घटनाबाट घाईते हुनेमा टेम्पु चालक जेन्तेढुंगा ४ का ३३ बर्षीय जिवन राई, चालककै छोरा ७ महिनाको जर्मन राई, जेन्तेढुंगा वडा नं. ५ का १६ बर्षीय मणिराम राई, सोही स्थानका ६५ बर्षीय रत्न बहादुर राई रहेको थियो।

घाईते मध्ये मणिराम राईको अबस्था सामान्य रहेकोले स्थानिय स्वास्थ्य केन्द्रमानै उपचार भईरहेको र बाकीलाई घोपा धरान तर्फ पठाईएको थियो।

मंगलबार घोर्लेबाट बिरामी बोकी चिसापानी आउने क्रममा लु.१ स. ०३५० नम्बरको अटोटेम्पु तारेभिरबाट अन्दाजी ५०० मिटर तल खसेको थियो। घटनाको जानकारी पाए लगतै ईलाका प्रहरी कार्यालय चिसापानीबाट प्रहरी टोली खटि गई घाइतेहरुलाई उद्धार गरि उपचारको लागी घोपा धरान तर्फ पठाईएको थियो।

## पानीको खाल्डोमा डुबेर मृत्यु

मोरङ। जिल्ला मोरङ रंगेली नगरपालिका वडा नं. ५ आँमगाछीका रमेश मण्डलको धान खेतमा बोडिङको पानी जमेको खाल्डोमा डुबेको अबस्थामा १ जना महिला मृत अबस्थामा फेला परेको छ।

मंगलबार ईलाका प्रहरी कार्यालय रंगेलीमा खबर प्राप्त भए पश्चात प्रहरी टोली खटिगई बुझ्दा सोही स्थान बस्ने ५५ बर्षीय पारु देवी रिसिदेव रहेको खुलेको हो। घटना सम्बन्धमा थप अनुसन्धान भईरहेको छ।

## घाँस काट्न जाँदा लडेर मृत्यु

ओखलढुंगा । ओखलढुङगा मोलुङ गाऊपालिका वडा नं. ५ लिस्पु का ६५ बर्षीय युवराज नेपालको घाँस काट्न गएको अवस्थामा लडेर मृत्यु भएको थियो।

मंगलबार उनी घरबाट गढी जंगलमा घास काट्न गएकोमा अबेर सम्म पनि घर फर्कि नआए पछि परिवारले खोजतालस गर्दै जाँदा बाटो देखी अन्दाजी २५ मिटर तर लडी घाईते अबस्थामा फेला पारेका थिए।

घाईतेको घरमा ल्याई उपचारको लागी लैजाने तयारी गर्दै गर्दा मृत्यु भएको थियो। घटना सम्बन्धमा ईलाका प्रहरी कार्यालय बरुणेश्वरबाट प्रहरी टोली खटि गई थप अनुसन्धान भईरहेको छ।

## मोटर साईकल दुर्घटनामा चालकको मृत्यु

झापा। झापाको मेचीनगर नगरपालिका वडा नं. १० टिकापुरमा भएको मोटरसाईकल दुर्घटनामा परी चालकको मृत्यु भएको छ।

बुधवार पुर्वबाट पश्चिम तर्फ जाँदै गरेको बा ६३ प २७९० नम्बरको मोटरसाईकल आफै अनियन्त्रतीत भई रोडको साईडमा रोकेर राखिएको भारतिय नम्बरको ट्रकमा ठोक्किदा मोटरसाईकल चालक मेचीनगर नगरपालिका वडा नं. १२ का ३० बर्षीय कुजैहाङ लिम्बु घाईते भएका थिए।

घाईतेलाई उपचारको लागी वी एण्ड सी अस्पताल बिर्तामोड पठाएकोमा उपचारको क्रममो मृत्यु भएको थियो। घटना सम्बन्धमा प्रहरीले थप अनुसन्धान गरिरहेको छ।

## हात्तीको आक्रमणबाट मृत्यु

झापा। झापाको कमल गाउँपालिका वडा नं. ३ का ४४ बर्षीय जित बहादुर लिम्बुको जंगली हात्तीको आक्रमणबाट मृत्यु भएको छ।

लिम्बुलाई विहानको समयमा वृक्षारोपन सामुदायीक बन क्षेत्र नजिक जंगली हात्तीले आक्रमण गर्दा घटनास्थलमा नै मृत्यु भएको हो।

घटनाको जानकारी पाए लगत्तै ईलाका प्रहरी कार्यालय दमकबाट प्रहरी टोली खटि गई अनुसन्धान कार्य भईरहेको छ।


सूचना सूचना सूचना

सड्क क्षेत्रको दायाँ बायाँ रहेका रुख काट्नु सार्वजनिक अपराध हो। यसरी रुखहरु काटिएको पाईएमा नियम कानून बमोजिम कारवाही हुने व्यहोरा जानकारी गराउँद छौ। सडक हाम्रो सार्वजनिक सम्पति हो, यसका संरक्षण र सम्बर्द्धन गरौ, सडक सफा राखौं र सडक अतिक्रमण हुनबाट जोगाऔं।

सडक डिभिजन विराटनगर, प्रदेश नं. १

कोरोना (C0VID–19) भाइरसका बारेमा जनहितमा जारी सूचना

1. कसरी सर्छ कोरोना भाईरस ?
   - क) नाकबाट निस्कने सिगानबाट, ख) फोहरहातबाट,
   - ग) राम्रो संग नपाकेको माछा, मासु र तरकारीबाट,
   - घ) भाइरसबाट प्रभावित व्यक्तिको सम्पर्कबाट

२. कोरोना भाइरसका लक्षण के–के हुन सक्छन् ?
   - क) सिगान बगिरहनु, ख) घाँटी सुक्नु तथा दुख्नु,
   - ग) पखाला लाग्नु, घ) वान्ता हुनु,
   - ङ) लगातार टाउँको दुख्नु, च) लगातार ज्वरो आउनु,
   - छ) सास फेर्न गाह्रे हुनु।

3. यसबाट बच्न के–के गर्ने ?
   - क) साबुन पानीले राम्रो संग हात धुने,
   - ख) खानेकुरा धोइपखाली राम्रोसंग पकाउने,
   - ग) मास्क प्रयोग गर्ने, घ) भिडभाडमा नजाने,
   - ङ) सकभर होटल, रेष्टुरेन्टको खाना नखाने
   - च) चरा, मूसा, विरालो, कुकुर जस्ता जनावरबाट टाढा रहने।

जहदा गाउँपालिका मोरंग प्रदेश नं. १

विराटनगर महानगरपालिकाको सूचना

- ❒ मिसावट गरिएका, सडेगलेका तथा अस्वस्थकर खानेकुराहरु नखाऔं।
- ❒ उपभोक्ता हित संरक्षणमा चनाखो बनौं।
- ❒ छाला भएको मासु नखाऔं र विक्री तिवरणमा समेत निरुत्साहित गरौं।
- ❒ आखद रंग प्रयोग गरेका खाद्य पदार्थहरुको उपभोग बहिस्कार गरौं।
- ❒ छाडा चौपायाको नियन्त्रण गरौं, घरपालुवा चौपायाहरु छाडा नछाडौ।
- ❒ सडक तथा पेटीकीनारामा आवागमन अवरोध हुने गरी निर्माण समाग्री नराखौं तथा व्यापार व्यवसाय नगरौं।
- ❒ बसोबास स्थल, टोलमा व्यवसायिकरुपमा पशुपालन कुखुरा पालन गर्दा छरछिमेकमा असर नपर्ने गरी पालौं।
- ❒ सवारी साधनहरु तोकिएको स्थानमा मात्र पार्किङ्ग गरौं।
- ❒ बालबालिकालाई काममा हैन विद्यालय पठाऔं।
- ❒ बालश्रम शोषणविरुद्धको आचारसंहिता पालना गरौं बालश्रम शोषण मुक्त नगरको स्थापना गरौं।
- ❒ बालश्रम शोषण समाजिक अपराध हो।
- ❒ विराटनगर उपमहानगरपालिका क्षेत्रका प्रत्येक घरलाई बालसंक्षणगृहको रुपमा स्थापित गरौं।
- ❒ सार्वजनिक स्थलमा जताततै फोहोरमैला नफालौं।

कोरोना भाइरस (कोभिड-१९) के संक्रमणसे बचैके लेल समाजिक दुरी कायम करु आर माक्स लगाऔ।

# नेपालमा वन व्यवस्थापनको टिना फ्याक्टर

बेचन कुमार महतो

पृष्ठभुमी

'हरियो वन नेपालको धन' । कुनै बेलाको यस्तो धरातलीय अनुभूति वर्तमानको व्यवस्थापकीय अपरिपक्वताका कारण 'हरियो वन राजनीति गर्ने साधन'को रुपमा परिणत हुँदै गएको आभास हुन थालेको छ । नेपालको वनको व्यवस्थापन गर्न वनलाई समय कालखण्डमा निजीकरण, राष्ट्रियकरण तथा समुदायीकरण गर्ने कार्य गरियो र गरिदैं पनि छ । यस्ता कार्यहरुलाई वन व्यवस्थापनको कडीको रुपमाबुझ्ने गरिएको छ । तर यथार्थता के हो भने वन एक प्राकृतिक एवं पुनरुत्पादन योग्य नविकरणिय श्रोत हो । उचित व्यवस्थापन मार्फत धेरै देशको कुल गार्हस्थ उत्पादनमा वन क्षेत्रको उल्लेखनीय योगदान रहेको देख्न सकिन्छ । अर्थशास्त्रमा वनको हकमा संरक्षणमुखी व्यवस्थापनको कुनै अर्थ मान्न सकिंदैन, जबसम्म आर्थिक, सामाजिक र पर्यावरणीय दृष्टीकोणबाट हितकारी प्रमाणित गर्न सकिंदैन । वन व्यवस्थापनमा स्थानीय समुदायको सहभागिता पछि वन श्रोतको अवस्था सुध्रिदै गएको छ, यसमा कुनै शंका छैन तर वनको उत्पादन र उत्पादकत्व कसरी बढाउने भन्ने बहस पनि सँगै चल्दै आएको छ । प्रा.डा. राजेशकुमार राई (वन विज्ञ) का अनुसार ूवन क्षेत्रले ओगटेको भु-भागको दाँजोमा अर्थतन्त्रमा वन क्षेत्रको न्युन योगदान र नगदमुखी ग्रामीण अर्थतन्त्रले जिवनयापनमुखी घाँस दाउराको माँग भन्दा काठको माँगलाई बढाएको वर्तमान समयमा उचित व्यवस्थापनको अभावमा आपुर्ति कम भई माँग धान्नको लागि वन पैदावार आयात गर्नुपर्ने अवस्था छ । उचित व्यवस्थापनको अभावमा ठिँग उभिएका रुखहरु भित्रभित्रै खोक्रिएर मुल्यहिन बनेका छन् । यसले कतै वन क्षेत्र अनुत्पादक भएको त होइन? वनको औचित्यमाथि प्रश्न चिन्ह खडा गरेको छ । 'अहिले नेपालमा ४४.७४ प्रतिशत वन क्षेत्र छ तर यसले राजस्वमा खासै योगदान गर्न सकेको छैन (वन विज्ञ बिजयराज सुवेदी) ।

के हो त वन व्यवस्थापन?

सबैलाई थाहा भएकै कुरा हो कि 'वन श्रोत' नविकरणीय प्राकृतिक श्रोत हो । नविकरणीय श्रोतको समय अन्तरालमा हार्भेष्ट हुनै पर्दछ यही नै विज्ञान हो, यही नै आमबुझाई हो, यही नै व्यवस्थापन हो । म एक वन प्राविधिक हो र मैले पढे बुझेसम्म श्रोत त्यती बेलासम्म श्रोत हुँदैन, जबसम्म यसले मानव समाजको कल्याणमा आफ्नो प्रत्यक्ष औचित्य पुष्टी गर्न सक्दैन । अत: वन व्यवस्थापन भनेकै हाम्रो वनलाई वन श्रोत बनाउने वा वनबाट राष्ट्रिय समृद्धिलाई योगदान पुऱ्याउने निर्विकल्प उपायको व्यवस्थापन गर्ने पद्धति हो । वन विज्ञ डा. नागेन्द्र प्रसाद यादवका अनुसार 'वन व्यवस्थापनले (क) वनको संरचना र वनावटलाई नियन्त्रण, (ख) सतत् रुपमा वन पैदावार उत्पादन, वितरण र बजारीकरण, र (ग) वन प्रशासनमा वनको सम्पती तथा जनशक्ति परिचालन तथा नियमन गर्ने काम गर्दछ ।' यदि वनको व्यवस्थापन भएन भने यी तिनै कार्य लथालिङ्ग हुन्छ र देशमा वन पैदावारको आपुर्ति ढलापडा र चोरी निकासी गरेको काठबाट हुने बाध्यात्मक परिस्थितीको शुरुवात हुन्छ । कुन प्रजातीको कुन रुख कहिले ढल्छ, कसलाई थाहा छ? यसलाई वार्षिक कार्ययोजनामा समावेश गर्न सकिन्छ? वन व्यवस्थापन गर्ने त कार्ययोजना अनुसार हो । वन व्यवस्थापन वन सम्वर्द्धन प्रणाली अनुसार गर्नुपर्ने हो । वन व्यवस्थापनको लागि कुन प्रणाली लागु गर्ने हो भन्ने कुरा प्राविधिक हिसावले के उपयुक्त हुन्छ र उपभोक्ताले के चाहन्छन्, त्यसमा भर पर्ने कुरा हो । यदि तराईको वन, वन सम्वर्द्धन प्रणाली अनुसार व्यवस्थापन भएन भने सालको वन अन्य किसिमको वनमा परिणत हुँदै जान्छ ।

वन सम्बर्द्धन प्रणालीको प्रभावकारी अवलम्बन बिना गरिने वन व्यवस्थापन आँफैमा व्यवस्थापन नभई वनको दोहन मात्रै हो । केवल संरक्षणलाई व्यवस्थापन मान्न सकिंदैन । त्यसैले वन व्यवस्थापन वन सम्बर्द्धन शास्त्र अनुसार हुनुपर्दछ जुन वन विज्ञानको मूल कडी हो । वन सम्बर्द्धन कार्य कला र विज्ञान दुबै हो । वन सम्बर्द्धन प्रणालीले वनको भावी स्वरुपलाई परिकल्पना गर्ने हुँदा यो कला हो र यसले विरुवा कहिले काट्ने? कति परिमाणमा काट्ने? कस्तो वन पैदावार उत्पादन गर्ने? भन्ने जानकारी दिने भएकोले यो विज्ञान हो । अत: वन सम्बर्द्धन प्रणाली विरुवा हुर्काउने, कटान गर्ने र पुनरुत्पादन गर्ने एक व्यवस्थित प्रकृया हो । कस्तो खाले सम्बर्द्धन प्रणाली अवलम्वन गर्ने भन्ने वन व्यवस्थापनको उद्देश्य, वनको प्रकार र क्षेत्रफलमा निर्भर गर्दछ । डा. राजेश राईका अनुसार 'राष्ट्रिय निकुञ्ज भित्रको वन व्यवस्थापन वन्यजन्तुको वासस्थान सुधार र पारिस्थितिकिय प्रणालीको सन्तुलन कायम राख्ने व्यवस्थापकीय प्रकृयामा केन्द्रित हुन्छ भने सामुदायिक वनहरुको व्यवस्थापन मुलरुपमा उपभोक्ताहरुको काठ दाउराको आवस्यकता परिपुर्ति गर्ने उद्देश्यमा केन्द्रित हुन्छ । कस्तो वन पैदावार निकाल्ने, कुन कुन प्रजातिमा जोड दिने भन्ने कुराले वन सम्बर्द्धन प्रणाली आवस्यकता को निर्क्यौल गर्दछ ।'

कसरी गर्ने त वन व्यवस्थापन ?

देशको कुल भु-भागको करिव ४५ प्रतिशत भु-भाग ओगटेको नेपालको वन क्षेत्रवाट आर्थिक समृद्धि पुरा होओस् । मुलुकको समृद्धिमा वनको भुमिका बढोस् । रोजगारी श्रृजना होओस् । संरक्षणमुखी वन व्यवस्थापनवाट व्यवसायमुखी वन व्यवस्थापन होओस्, जस्ता अनेकन समाजिक, आर्थिक, पर्यावरणीय महत्वकाँक्षाका विषयहरु वन व्यवस्थापन कार्यबाट आशा र अपेक्षा गरिदै आएका छन् । तर यो् उद्देश्य कसरी प्राप्ती गर्ने त? भन्ने कुरो महत्वपुर्ण सवाल हो ।

भौगोलिक विषमताका कारण वनको उत्पादन र उत्पादकत्वमा विविधता छ । यसकारण वन व्यवस्थापनलाई व्यवस्थित रुपमा लैजान वन क्षेत्रको जोनिङ्ग गरिनु पर्दछ । संरक्षित क्षेत्र, उत्पादन क्षेत्र र विशेष क्षेत्रहरु सिमाँकन गरी व्यवस्थापनका कार्यहरुलाई अगाडि बढाउनु पर्दछ ।

वन व्यवस्थापनको कार्ययोजना लाई वन भित्र मात्रै सिमित नराखी बजार र रोजगारीसँग जोडनु पर्दछ ।ङ्ख कुल सम्भावनाको १० प्रतिशत भन्दा पनि कम उपभोग भई रहेको नेपालको वन श्रोतको पुर्ण उपयोगिताको लागि आधुनिक प्रविधीको प्रयोगलाई बढावा दिई मुल्य श्रृखलाको प्रबर्द्धन गरी आयातमा निर्भर राष्ट्रको व्यापारघाटालाई कम गर्ने किसिमले वन व्यवस्थापन गरिनु पर्दछ ।

कार्ययोजना अनुसार व्यवस्थापन हुने गरी निजी वनको अभ्यासलाई पूर्ण स्वतन्त्रता दिनु पर्दछ । निजी वनमा पनि अन्तिम कटान पश्चात पुनरुत्पादनको व्यवस्थालाई आवश्यक गरिनु पर्दछ ।

वन व्यवस्थापनको मोडालिटी अनुसार अगाडि बढ्न वन व्यवस्थापनलाई उत्पादनसँग जोडेर रोजगारी श्रृजना गरिनु पर्दछ । वन पैदावारको बिक्रीवितरण तथा पर्यापर्यटन विकास गरेर वित्तिय आम्दानी बढ्ने गरी वन व्यवस्थापन गरिनु पर्दछ ।

तराई क्षेत्रमा काठ उत्पादन, पहाडी क्षेत्रमा मध्यम साईजका काठ, दाउरा तथा गैर काष्ठ वन पैदावार उत्पादन तथा तत् सम्बन्धित उद्यम विकास र हिमाली क्षेत्रमा गैर काष्ठ वन पैदावार र चरण व्यवस्थापनमा जोड दिनु पर्दछ ।

सामुदायिक वनको हकमा भने उपभोक्ता समुहको आकार र वनको क्षेत्रफल अनुसार कार्ययोजना निर्माण तथा नवीकरणको प्रावधान गरिनु पर्दछ ।

वन नीतिलाई अर्थ नीतिसँग समन्वय गरी वन व्यवस्थापन गरिनु पर्दछ ।

हाल बन्द अवस्थामा रहेको वन पैदावरको संकलन, बिक्री वितरण तत्काल खुलाउनु पर्दछ ।ङ्ख उत्पादनमुखी वन व्यवस्थापन पद्धती अवलम्वन गरिनु पर्दछ । काठको आवश्यकता सहजरुपमा परिपुर्ति हुने खालको हुनु पर्दछ । वन क्षेत्रको उद्यम प्रवर्द्धन हुने किसिमको व्यवस्थापन हुनु पर्दछ ।

जुन किसिमको वन व्यवस्थापन भए पनि नेपालको वनलाई आर्थिक समृद्धिका रुपमा प्रयोग गरिनु पर्दछ । खाली संरक्षण गरेर मात्र हुँदैन । आन्तरिक आवश्यकतालाई सम्वोधन गर्दै वनवाट आर्थिक फाईदा हुने गरी निर्यातमा जोड दिईनु पर्दछ ।

वन क्षेत्रको सुशासनको आधार तथा सुचकहरु निर्धारण गरिनु पर्दछ ।

वन व्यवस्थापनको मुख्य आधार भनेकै वन सम्बर्द्धन प्रणालीको प्रयोग हो । अहिले वैज्ञानिक वन व्यवस्थापन की दिगो वन व्यवस्थापन भन्ने दुई शब्दजालमा बहसहरु सुन्न सकिन्छ । डा. नागेन्द्र प्रसाद यादवका अनुसार ूखासमा यी दुबै खाले अवधारणा भनेको वन व्यवस्थापन नै हो । कसैले दिगो वन व्यवस्थापन, कसैले वैज्ञानिक वन व्यवस्थापन त कसैले सकृया वा सघन वन व्यवस्थापन जस्ता शब्दहरु प्रयोगमा ल्याई रहेका छन् । वैज्ञानिक वन व्यवस्थापन र दिगो वन व्यवस्थापनमा गर्ने काम वन सम्बर्द्धन प्रणालीमा नै आधारित हो । वन सम्बर्द्धन प्रणाली ( सिल्भीकल्चरल सिस्टम) बिना दिगो तथा वैज्ञानिक वन व्यवस्थापन सम्भव हुदैन ू सन् १९९२ पश्चात दिगो विकासको अवधारण शुरु भए पछि वनमा पनि दिगो विकासको अवधारणा शुरु भएको हो । व्यवस्थापन मापनवाट शुरु हुन्छ । वन व्यवस्थापन पनि यसैमा आधारित छ । दिगो वन व्यवस्थापन एउटा प्रकृया हो जसका लागि वनमा के कति र कस्ता रुख विरुवा छन्? के का लागि वन व्यवस्थापन गर्ने हो? यसको लागि कुन वन सम्बर्द्धन कार्य र प्रणाली अपनाउने हो? यी तिन वटै कार्यहरु विज्ञान र प्रविधिसम्मत भएकोले वैज्ञानिक वन व्यवस्थापन भन्न खोजिएको हो । त्यसैले यो दिगो काम लाग्ने र वैज्ञानिक काम नलाग्ने भन्ने कुरामा विवाद गर्नु उचित हुँदैन । दिगो वन व्यवस्थापनको लागि वैज्ञानिक वन व्यवस्थापन गर्नुपर्छ भन्ने हिसावले वैज्ञानिक वन व्यवस्थापनलाई आत्मसाथ गरिएको हो । दिगो वन व्यवस्थापन हुनका लागि वैज्ञानिक आधार नै वनको वार्षिक बृद्धि भन्दा कम कटान, सतत् वन पैदावार आपुर्तिका लागि सतत् उत्पादन त्यतिबेला मात्र सम्भव हुन्छ जबसम्म वनमा विभिन्न उमेर र चाहिने प्रजातिका रुख, खाँवा, बल्लावल्ली, लाथ्रा र विरुवाहरु उचित अनुपातमा हुन्छन् ।

वन व्यवस्थापनको नीतिगत व्यवस्था

विगतको वन नीति, रणनीति, योजना, ऐन, नियममा दिगो एवं वैज्ञानिक वन व्यवस्थापन बारे उल्लेख भएको छ । राष्ट्रिय वन योजनामा वनको वैज्ञानिक व्यवस्थापन बारे उल्लेख थियो । २०४५ सालमा वनको गुरुयोजनामा पनि दिगो वन व्यवस्थापनको लागि वैज्ञानिक वन व्यवस्थापन गर्ने, परिमार्जित वन नीति २०५७ मा दिगो एवं वैज्ञानिक वन व्यवस्थापन गर्ने, वि.सं. २०६९ मा जारी समृद्धिका लागि वन भन्ने अवधारणा पत्रमा दिगो एवं वैज्ञानिक वन व्यवस्थापन गर्ने, वैज्ञानिक वन विकास कार्यविधि, २०७१ को पृष्ठभूमीमा दिगो/वैज्ञानिक वन व्यवस्थापन उल्लेख छ । १४औं योजनाको उद्देश्यमा दिगो वन व्यवस्थापनद्वारा वन क्षेत्रको उत्पादकत्व र वन पैदावार उत्पादन बृद्धि गर्ने तथा सोही योजनाको रणनीतिमा सहभागितामुलक दिगो एवं वैज्ञानिक व्यवस्थापन गर्ने उल्लेख छ । यसैगरी नेपाल सरकारको आ.व. २०७५-०७६ का लागि जारी बजेट वक्तव्यमा वनको वैज्ञानिक व्यवस्थापन गरिने कार्यक्रम रहेको कुरा उल्लेख भएको थियो । वि.सं. २०६० मा साझेदारी वनको अवधारणा शुरु भयो । त्यती वेला पनि सहभागितामूलक तरिकाले दिगो एवं वैज्ञानिक वन व्यवस्थापन गर्ने भन्ने उल्लेख छ । पहिलेका नीति, नियम, कानुनहरुमा पनि वैज्ञानिक र दिगो वन व्यवस्थापन दुबै शब्दको प्रयोग भएको देखिन्छ ।

के हुन सक्छ वन व्यवस्थापनको टिना (त्क्ष्लब) फ्याक्टर ?

कन्जरभेटिभ बेलायती प्रधानमन्त्री मार्गरेट थ्याचरले एउटा नारा अक्सर प्रयोग गर्ने गर्दथे: मतलव । उनका अनुसार बजारको लागि अर्थव्यवस्था मात्र काम गर्ने

वांकी ५ पेजमा...

## आगलागीबाट १ वटा गाई र ७ वटाबाख्राको जलेर मृत्यु

बिराटनगर । मोरङ बुढिगंगा गाऊपालिका ६ कोयलपुर का जंग बहादुर तामाङको गाई गोठमा आगोलागी हुँदा गोठ सहित ७ वटा बाख्रा, १ वटा गाई जली मृत्यु भएको थियो भने २ वटा बाख्रा र १ वटा गाई घाईते भएका थिए ।

तामाङको गाईगोठमा आगोलागी हुन साथ प्रहरी र स्थानियको सहयोगमा बिहानको राती ३ बजे आगो पुर्ण रुपमा नियन्त्रणमा आएको थियो । उक्त आगो गाईगोठमा लामखुट्टे भगाउन बालेको घुरबाट सल्केको जिल्ला प्रहरी कार्यालय मोरङले जनाएको थियो ।

सो आगोबाट अन्दाजी ३ लाख बराबरको क्षेती भएको र अन्य मानबीय क्षेती नभएको सो कार्यालयले जनाएको थियो ।

## ढुंगा खस्दा दुई जनाको मृत्यु

संखुवासभा । संखुवासभाको चिचिला गाउँपालिका वडा नं. ३ पुखुवामा निर्माणाधिन अवस्थामा रहेको अरुण तेस्रो जलबिद्युत आयोजनाको सुरुङ्ग भित्र ढुंगा खस्दा एक जना कामदारको मृत्यु भएको छ ।

अरुण तेस्रोको म्याट वान पावर हाउसको सुरुङ भित्र ब्लाष्टिङ लोड गर्ने क्रममा माथीबाट ढुङगा (लुज) खस्दा कामदारको मृत्यु भएको छ । सुरुङ भित्र काम गर्ने क्रममा अचानक ढुङगा (लुज) खस्दा शुक्लाफाँट नगरपालिका वडा नं. १२ कन्चनपुरका ३७ बर्षीय कृष्ण रानाको घटनास्थलमा नै मृत्यु भएको हो ।

त्यसैगरी ढुङगाले लाग्दा अर्का कामदार ५० बर्षीय मिठु राना समेत घाईते भएका छन् । घाईतेलाई उपचारको लागी जिल्ला अस्पताल खाँदवारी पठाईएको तथा घटना सम्बन्धमा प्रहरीले थप अनुसन्धान गरिरहेको छ ।

त्यसैगरी ताप्लेजुङ मेरिङदेन गाऊपालिका २ शान्थाक्रा का १३ बर्षीय फुर्वा शेर्पाको ढुंगाले किचेर मृत्यु भएको थियो ।

सोमबार फूङलिङ नगरपालिका ७ स्थित सव-बेश निर्माणको लागी मुवेन मिक्लाजुङ जेबि कन्ट्रक्सन द्वारा भिर चट्टान फोर्ने कार्य भई रहेकोमा सोही बाटोको साईडमा गिटी कुट्न ढुङ्गा ओसार्ने काम गर्ने उनका बाबु पासाङ छिरिङ शेर्पासँग गई ढुङगा ओसार्ने क्रममा माथीबाट ढुङ्गा झरी किचेर बालकको घट्नास्थलमै मृत्यु भएको जिल्ला प्रहरी कार्यालय ताप्लेजुङले जनाएको छ ।

छोरा छोरी दुवै बरावरी त्यसैले दुवैलाई विद्यालय पठाऔं ।

कर तिरौं, राजश्व बढाऔं

कर तिर्नु कानूनी अधिकार मात्र नभएरसम्मान पाउने अवसर पनि हो । त्यसैलेकर तिरौं देशको राजश्व बढाऔं । स्थायी लेखा नम्बर लिनुहोस दुक्क भएरव्यवसायी सञ्चालन गर्नुहोस् । लेखा राखौं हिसाबमा भर, हचुवामै नतिरौं कर । कर्तव्य ठानेर कर तिरौं नव नेपाल निर्मामामा सभागी बनौं । सामान किनौं गतिलो छानेर बिल मागौं अधिकार ठानेर ।

नेपाल सरकार
आन्तरिक राजश्वकार्यालय विराटनगर

कोरोना (C0VID–19) भाइरसका बारेमा जनहितमा जारी सूचना

१. कसरी सर्छ कोरोना भाईरस ?

क) नाकबाट निस्कने सिगानबाट, ख) फोहरहातबाट,
ग) राम्रो संग नपाकेको माछा, मासु र तरकारीबाट,
घ) भाइरसबाट प्रभावित व्यक्तिको सम्पर्कबाट

२. कोरोना भाइरसका लक्षण के–के हुन सक्छन् ?

क) सिगान बगिरहनु, ख) घाँटी सुक्नु तथा दुख्नु,
ग) पखाला लाग्नु, घ) वान्ता हुनु,
ङ) लगातार टाउँको दुख्नु, च) लगातार ज्वरो आउनु,
छ) सास फेर्न गाह्रो हुनु ।

3. यसबाट बच्न के–के गर्ने ?

क) साबुन पानीले राम्रो संग हात धुने,
ख) खानेकुरा धोइपखाली राम्रोसंग पकाउने,
ग) मास्क प्रयोग गर्ने, घ) भिडभाडमा नजाने,
ङ) सकभर होटल, रेष्टुरेन्टको खाना नखाने
च) चरा, मूसा, विरालो, कुकुर जस्ता जनावरबाट टाढा रहने ।

कटहरी गाउँपालिका मोरंग प्रदेश नं. १

क्राईम अपरेशन
CRIME OPERATION साप्ताहिक

# यूरोपका नेपालीलाई नेपाल प्रेस इन्सिस्टच्यूटद्वारा पत्रकारीता तालिका




**वीरेन्द्र शर्मा**

बिराटनगर । युरोपमा रहेका नेपालीका लागि नेपाल पत्रकार महासंघ, युरोप शाखा र नेपाल प्रेस इन्टिच्यूटले संयुक्त रुपमा वैशाख २७ गते देखि एक महिने पत्रकारिता तालिम शुरु गरेका छन् ।

जूम प्रविधिबाट शुरु भएको तालिमको उद्घाटन सत्रलाई सम्बोधन गर्दै प्रमुख अतिथि तथा नेपाल पत्रकार महासंघका अध्यक्ष विपुल पोखरेलले मुलुक बाहिर रहेर पनि नेपाली भाषाको उत्थान र मातृभूमिको विकासको लागि पत्रकारहरुले गरेको योगदान सराहनीय रहेको बताए ।

'परिस्थितिले विदेशलाई कर्मभूमि बनाउन पुगेका नेपालीका साथ जूमको एकै पृष्ठमा उपस्थित हुनपाउँदा ग्लोबल भिलेजको सही अभ्यास भएको अनुभव गरिरहेको छु' अध्यक्ष पोखरेलले भन्नुभयो- युरोपका नेपाली पत्रकार र नेपाल प्रेस इन्ष्टिचयूटले नेपाली पत्रकारिता जगत्को विकासका लागि गरेको योगदान सदा स्मरणीय रहनेछ ।

पत्रकार महासंघ युरोप शाखाका अध्यक्ष सरस्वती कार्कीको अध्यक्षता तथा सचिव अनुराधा पौडेलको सञ्चालनमा भएको तालिमको उद्घाटन सत्रमा बेल्जियम शाखाका अध्यक्ष ओम शर्मा, गैरआवासीय नेपाली संघ, युरोपका संयोजक नारायण आचार्य, युरोप शाखाकै उपाध्यक्ष लक्ष्मण देवकोटा, लेखक दर्पण गौतम, नेपाल प्रेस इन्स्टिच्यूटका कार्यकारी निर्देशक लक्ष्मण उप्रेती र प्रशिक्षक कपिल काफ्लेले सम्बोधन गर्नुभएको थियो ।

त्यसैगरी पत्रकारिता तालिमको उद्देश्य नेपाली लेखनमा रुचि राख्ने सहभागीहरुलाई आमसञ्चार र पत्रकारिताका विषयमा आधारभूत अवधारणा तथा ज्ञान प्रदान गरी समाचार, फिचर र सिर्जनात्मक आलेख तयार पार्नसक्ने बनाउनु रहेको छ ।

सहभागी प्रशिक्षार्थीहरुमा डेनमार्क, बेल्जियम, स्पेन, स्वीडेनलगायतका युरोपेली मुलुकमा रोजगारी तथा अध्ययनमा रहेका १८ युवाहरुको सहभागीता रहेका छन् ।

## नेपालमा...

प्रणाली हो । त्यँहा अन्य विकल्पहरुको कुनै प्रभावकारीता हुदैन । बजारमा विकल्पको छनौट नैतिक सिद्धान्तबाट गरिन्छ । मानव व्यवहार नैतिक हुनको लागि स्वतन्त्र रोजाईको आवश्यकता पर्दछ । टिना फ्याक्टरको प्रयोग पछिल्लो समय भारतिय राजनीतिमा पनि निकै भएको देख्न सकिन्छ । सन्२०१९ को भारतिय लोकसभाको चुनावमा वर्तमान प्रधानमन्त्री नरेन्द्र मोदीलाई भाजपाले टिना फ्याक्टरको रुपमा प्रस्तुत गरेको थियो । अबकी वार फिर भी मोदी सरकार.....मोदी ही तारणहार.....मोदी नहीं तो कोई नहीं.....हर हर मोदी घर घर मोदी.....जस्ता अनेकन चुनावी नाराहरुलाई टिना फ्याक्टरको रुपमा प्रयोग भएको थियो र फलतः चुनावी परिमाण अनुसार पुनः नरेन्द्र मोदी भारतिय राजनीतिको टिना फ्याक्टरको रुपमा स्थापित पनि भएका छन् ।

विषय सान्दर्भिक नै होला, आफुँ वन प्राविधिक भएकोले नेपालको वन व्यवस्थापनको टिना फ्याक्टर पहिचान गर्नुपर्ने आवश्यकता महसुस गरेको छु । विगत २५ वर्षदेखि वन क्षेत्रमा कार्यरत रहीरहँदा हासिल गरेको वन विज्ञान सम्बन्धी प्राविधिक ज्ञान, वन व्यवस्थापनको क्षेत्रमा भौगोलिक अनुभव तथा हाल प्रयोगमा रहेका विभिन्न वन व्यवस्थापन पद्धतीहरुको व्यवस्थापकीय प्रभावकारीता एंव व्यवसायीक क्षमताको विश्लेषण गर्दा वन सम्बर्द्धन प्रणालीमा आधारित वन व्यवस्थापन पद्धती नै नेपालको वन व्यवस्थापनको टिना फ्याक्टर रहेको अनुभूति गर्न सकिन्छ ।

वन व्यवस्थापनको टिना (त्क्ष्लब) फ्याक्टर = वैज्ञानिक वन व्यवस्थापन

परम्परागत रुपले वन व्यवस्थापन गरिएको वन क्षेत्रमा वनको हैसियत बिग्रँदै गएको छ । जँगलका रुखहरु बुढा भएका छन्, धोद्रो हुँदै गएका छन् । नयाँ विरुवाहरु उम्रन सकेका छैनन् । अध्ययनले जनाए अनुसार तराई र मध्य पहाडको वनमात्र वैज्ञानिक सिद्धान्तमा व्यवस्थापन गर्दा ९ देखि १२ करोड क्युविक फिट काठ उत्पादन गर्न सकिन्छ । तर अहिले नेपालले १ करोड क्युविक फिट काठ पनि उत्पादन गर्न सकेको छैन । बाहिरी देशबाट काठ उत्पादन गर्नुपरेको अवस्था छ । नेपालमा वर्षेनी २ करोड ५० लाख क्युफिट काठ इन्डोनेसिया, मलेसिया लगायतका देशहरुबाट आउँछ । काठ आयातमा मात्रै वर्षेनी अरवौं रुपैया विदेशिंदै आएको छ । हामी कहाँ प्रशस्त मात्रामा काठ छ, जुन सदुपयोग हुन सकेको छैन । त्यसैले वर्षेनी लाखौं क्यूफिट काठ त्यसै खेर गईरहेको छ । त्यसमा पनि बुढो रुखहरु धेरै छन् । लडेका रुखहरु मात्र काट्ने, खडा रुखहरु काट्न नपाउने व्यवस्थाले गर्दा धेरै बुढा रुखहरु मक्किएर धोद्रिएर त्यसै खेर जाने गरेका छन् । समान्यतया ७०/८० वर्षमा रुख काट्न उपयुक्त हुन्छ । तर हामी कहाँ त्यो प्रचलन छैन । त्यसैले गर्दा एकातिर वर्षेनी करोडौं क्युफिट काठ विदेशबाट आउने र अर्कोतिर आफ्नै देशमा भएको काठको सदुपयोग हुन नसक्दा राज्यलाई घाटा छ । ठुला रुखहरुका कारण पुनरुत्पादनमा पनि समस्या देखिएको छ । साना रुखहरु उचित वातावरणको अभावले गर्दा नबढ्ने भएका छन् ।

यता वैज्ञानिक वन व्यवस्थापनको कुरो गर्ने हो भने नेपालमा यो कार्यक्रम लागु भएको करिव एक दशक भै सकेको छ । पूर्णरुपमा वन व्यवस्थापनको वैज्ञानिक मुल्य र मान्यतामा आधारित भई व्यवस्थापकिय कार्यहरु सञ्चालन हुँदै आएको छ । वन व्यवस्थापनको वैज्ञानिक सिद्धान्तः वन व्यवस्थापनको उद्देश्य अनुसार अहिले उम्रेका विरुवाहरु काट्न लायक रुख हुनको लागि कति वर्ष लाग्छ (मानौं ८० वर्ष) ?भन्ने आधारमा त्यसको निर्धारण गरिन्छ । वार्षिक रुपमा कति रुख काट्ने र कति विरुवा उमार्ने त्यसको पूर्ण हिसाव गरी वार्षिक रुपमा तोकिएको फेलिङ्ग कुप (वार्षिक कटान क्षेत्र जसमा प्रत्येक रुखको जि पि एस लोकेसन र जम्मा रुख संख्या समेत निर्धारण गरिएको हुन्छ) मा मात्र कटान कार्य गरिन्छ र साथ साथै पुनरुत्पादन कार्य समेतलाई सँगै लगिएको हुन्छ । यसरी वार्षिक रुपमा कटान गर्दा ८० वर्षमा पुनः कटान चक्र दोहरिने भएकोले वनको उत्पादकत्वमा कुनै फरक नपर्ने हुन्छ । वन विज्ञ हेमराज विष्टका अनुसार '८० वर्षमा त फेरी उतिकै रुखहरु भै हाल्छन् । अनि सबै रुखहरु पनि काटिंदैन, माउ रुखहरु छाडिन्छ, राम्रा राम्रा रुखहरु मात्रै राखिन्छ, काठ नदिने रुखहरु काटिन्छ । रुखहरु पनि धान मकै जस्तै हुन् किनकी उमेर पुग्ने बितिकै काट्नु पर्छ, हैन भने समय पुगेपछि त्यसै खेर जान्छ ।'

के का लागि वैज्ञानिक वन व्यवस्थापन गर्ने हो भनी निक्यौल हुनु पर्दछ, त्यसका आधारमा कृयाकलापहरु तय हुन्छन् । प्रा. अच्युतराज ज्ञवाली र सुमन भट्टराईका अनुसार काठजन्य र वन पैदावारका लागि नै उत्पादनशिल वनमा वैज्ञानिक व्यवस्थापन गरिने हो, जहाँ जिवजन्तु (जैविक विविधता) संरक्षणको प्रमुख विषय हुने गरेको छैन, अन्य देशमा पनि त्यस्तो भेटिंदैन । हालसम्म अवलम्बन गरिएको अभ्यास अनुसार सम्बेदनशिल जनावर भेटिए केही सजगता अपनाउने गरिएको हुन्छ र हालसम्म गरिएको वैज्ञानिक वन व्यवस्थापनको प्रकृतिले त्यति असर त पार्दैन, किनकी यहाँ ईरेगुलर सेल्टरउड सिस्टम अवलम्वन गरिएको छ, जो युनिफर्म सेल्टरउड तथा सरपट कटानको तुलनामा धेरै हदसम्म वन्यजन्तुको पक्षमा छ । अति सम्बेदनशिल वन्यजन्तुको वासस्थान रहेको छ भने वायोलोजिकल हटस्पटको रुकमा पहिचान गरी संरक्षित क्षेत्रको रुपमा पनि स्थापित गर्न सकिन्छ र गर्दै आईएको पनि छ, र थप यस्ता महत्वपुर्ण र अझै प्रतिनिधित्व हुन नसकेका मध्य पहाडी भेगका यस्ता क्षेत्रहरुको पहिचान गरी छुट्याउँदै जान पनि सकिन्छ । एउटै वनमा नुन देखि सुनसम्म फलाउन (काठ, दाउरा, वन्यजन्तु त्यसमा पनि कमिला देखि हात्ति सम्म संरक्षण गर्न) त्यती सहज त हुँदैन । तथापिसमग्र रुपमाजैविक विविधता संरक्षण हुनुपर्दछ भन्ने कुरामा दुई मत छँदै छैन । देशको २३.३९ प्रतिशत (कुल वन क्षेत्र ४४.७४ प्रतिशत मध्ये करिव १७प्रतिशत) वनलाई संरक्षित क्षेत्र भनेर घोषणा गरिएकै छ । यो के को लागि?मूलतः जैविक विविधता संरक्षणको लागि नै हो । अनि ४४.७४ प्रतिशत मध्ये बाँकी रहेको करिव २७प्रतिशत वनमा पनि संरक्षणमुखी व्यवस्थापन नै हुनु पर्ने हो त ?

वैज्ञानिक वन व्यवस्थापन कार्यविधीका अनुसार तराईका २० वटा जिल्लामा रहेको करिव ४ लाख ५० हजार हेक्टर वन संरक्षित क्षेत्र, राष्ट्रिय वन, सामुदायिक वन र साझेदारी वनको रुपमा रहेको छ । यो मध्ये करिव ५० प्रतिशत क्षेत्रमा मात्र वैज्ञानिक वन व्यवस्थापन कार्यक्रम लागु गर्ने हो भने देशको अर्थतन्त्रमा वार्षिक १५

वांकी अन्तिम पेजमा...

## करेन्ट लागेर २ को मृत्यु

धनकुटा । धनकुटाको धनकुटा नगरपालिका ५ बाल मन्दिर स्थितमा बस्ने राजु श्रेष्ठको छोरा १० बर्षीय संजोग श्रेष्ठको करेन्ट लागी मृत्यु भएको छ ।

सोमबार आफ्नै घरमा बिजुलीको होल्डरमा बल्ब लगाउने क्रममा करेन्ट लागी घाइते भएका बालकको जिल्ला अस्पताल धनकुटमा उपचारको क्रममा बेलुका मृत्यु भएको जिल्ला प्रहरी कार्यालय धनकुटाले जनाएको थियो ।

त्यसैगरी भोजपुर पौवादुम्मा गाऊपालिका वडा नं. १ अरुणडाडा का ३० बर्षीय निमा दावा शेर्पाको करेन्ट लागेर मृत्यु भएको थियो ।

मंगलबार बिजुलीको लाईन बिग्रीएकोले उनि साथीहरुसंग आफ्नै घर छेउमा रहेको ट्रान्समिटरमा भऱ्याङ लगाई चड्ने क्रममा करेन्ट लागी अन्दाजी २५ फिट माथीबाट खस्दा घटनास्थलमानै मृत्यु भएको थियो ।

घटनाको बारेमा जानकारी पाऊन साथ ईलाका प्रहरी कार्यालय तिवारीभंज्याङबाट टोली खटि गई थप अनुसन्धान गरिरहेको छ ।

## लागु औषध सहित १ जना पक्राउ

मोरङ । मोरङ बिराटनगर महानगरपालिका वडा नं. १३ का २८ बर्षीय बिर नारायण यादवलाई लागूऔषध सहित पक्राउ गरिएको छ ।

सोमबार लागुऔषध नियन्त्रण व्यूरो विराटनगरबाट खटिएको प्रहरी टोलीले विराटनगर महानगरपालिका वडा नं. १६ दरैया बस्तीबाट पक्राउ गरिएको थियो ।

उनको साथबाट लागूऔषध स्पासकोरभोन प्लस ४८ चक्की, नाईट्रोसन ६२ चक्की, डाईक्स डीसी १० बोतल सहित पक्राउ गरेको थियो ।

पक्राउ परेका यादव उपर थप अनुसन्धान भईरहेको ईलाका प्रहरी कार्यालय रानीले जनाएको थियो ।

## सिटी दुर्घटनामा बालिकाको मृत्यु

मोरङ । मोरङ सुन्दरहरैचा नगरपालिका वडा नं. ५ तीनपैनी स्थित भित्री सडक खण्डमा सिटी सफारी दुर्घटना हुँदा सिटीमा सवार बालिकाको मृत्यु भएको छ ।

मंगलवार को १ ह ७५५८ नम्बरको सिटी सफारी आफै अनियन्त्रित भई दुर्घटना हुँदा सफारीमा सवार रहेकी सोही स्थान बस्ने रुद्र खड्काको छोरी ५ बर्षीय बालिका रबिना खड्का घाईते भएकी थिईन ।

घाईते बालिकाको धरान घोपामा उपचारको क्रममा सोही दिन मृत्यु भएको थियो । सिटी सफारी र चालक सोही स्थानका हरि नारायण चौधरी प्रहरी चौकी गछियाको नियन्त्रणमा रहेको छ ।




धुम्रपान
मध्यपान
आजै देखि
त्यागौ
र निरोगी रहौं ।



### विराटनगर महानगरपालिको अपिल

१. नोभेल कोरोना (कोभिड-१९) संक्रमण, नियन्त्रण र रोकथामको लागि यस महानगरपालिका क्षेत्र भित्र संचालनमा रहेको सवै पसल, उदोग तथा व्यवसायीहरुले सेवा लिन आउने आगन्तुकहरुका लागि साबुन पानी वा सेनिटाईजर ले हात धुने व्यवस्था मिलाउनु पर्ने ।

२. नोभेल कोरोना (कोभिड-१९) भाइरस विरुद्ध सामाजिक संघ संस्थाहरुले गरेको र गर्ने कामको बारेमा महानगरपालिकालाई जानकारी गराई नदोहोरीन र प्रगति अभिलेख एकद्बार प्रणालीको व्यवस्थपन कामा सहयोग गर्ने ।

३. महानगरपालिका अन्तर्गत संचालन हुने साप्ताहिक हाटबजारहरु अर्को सूचना नभएसम्म का लागि स्थगित (वन्द) गर्ने ।

थप जानकारीको लागि ९८४२०२३६७९, ९८५२०३२८१८, ९८४४०९९३७०



### कोरोना (C0VID–19) भाइरसका बारेमा जनहितमा जारी सूचना

**१. कसरी सर्छ कोरोना भाईरस ?**

क) नाकबाट निस्कने सिगानबाट, ख) फोहरहातबाट,
ग) राम्रो संग नपाकेको माछा, मासु र तरकारीबाट,
घ) भाइरसबाट प्रभावित व्यक्तिको सम्पर्कबाट

**२. कोरोना भाइरसका लक्षण के-के हुन सक्छन् ?**

क) सिगान बगिरहनु, ख) घाँटी सुक्नु तथा दुख्नु,
ग) पखाला लाग्नु, घ) वान्ता हुनु,
ङ) लगातार टाउँको दुख्नु, च) लगातार ज्वरो आउनु,
छ) सास फेर्न गाह्रे हुनु ।

**3. यसबाट बच्न के-के गर्ने ?**

क) साबुन पानीले राम्रो संग हात धुने,
ख) खानेकुरा धोइपखाली राम्रोसंग पकाउने,
ग) मास्क प्रयोग गर्ने, घ) भिडभाडमा नजाने,
ङ) सकभर होटल, रेष्टुरेन्टको खाना नखाने
च) चरा, मूसा, विरालो, कुकुर जस्ता जनावरबाट टाढा रहने ।

धनपालथान गाउँपालिका मोरंग प्रदेश नं. १